आदर्श कोतवाल गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ८ | संख्याः ३ | मितिः २०८२/१२/२२

भागः १

आदर्श कोतवाल गाउँपालिका

महेन्द्र आदर्श, बारा

मधेश प्रदेश

## आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापन ऐन, २०८२

सभाबाट पारित मिति :- २०८२/१२/२१

आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल क्षेत्रको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।

प्रस्तावना : आदर्श कोतवाल गाउँपालिकामा अवस्थित एतिहासिक धार्मिक, पर्यटकीय एवमं संस्कृतीक महत्वका स्थलहरुलाई संरक्षण सम्बर्द्धन र प्रवर्द्धन गर्न तथा सुव्यवस्थापन गर्न आवश्यक भएकोले नेपालको संविधान धारा २२१, धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (१), (२) ञ (१२) (१८), दफा १४, दफा ९७ (१) (ग) दफा १०२ को आधारमा ऐ. ऐनको दफा २० दफा २१ प्रकृया अवलम्बन गरि आदर्श कोतवाल गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

जवाहर प्रसाद
आ.गा.पा. अध्यक्ष

विजय कुमार चौरसिया
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

(१) "अध्यक्ष" भन्नाले आदर्श कोतवाल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(२) "उपाध्यक्ष" भन्नाले आदर्श कोतवाल गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(३) "कार्यपालिका" भन्नाले आदर्श कोतवाल गाउँ कार्यपालिका सम्झनु पर्छ।

(४) "गाउँ सभा" भन्नाले आदर्श कोतवाल गाउँपालिकाको सभालाई सम्झनु पर्छ।

(५) "वडा अध्यक्ष" भन्नाले आदर्श कोतवाल गाउँपालिकाको वडा अध्यक्ष सम्झनु पर्छ।

(६) "समिति" भन्नाले "आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापन समिति" सम्झनु पर्छ।

(७) "संयोजक" भन्नाले "आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापन समितिको संयोजक सम्झनु पर्छ।

(८) "सचिव" भन्नाले "आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापन समितिको सचिव सम्झनु पर्छ।

(९) "कोषाध्यक्ष" भन्नाले "आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापन समितिको कोषाध्यक्ष सम्झनु पर्छ।

(१०) "सदस्य" भन्नाले "आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापन समितिको सदस्यलाई सम्झनु पर्छ।

(११) "पदाधिकारी" भन्नाले "आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापन समितिको संयोजक, सचिव र कोषाध्यक्ष सम्झनु पर्छ।

(१२) "पुजारी" भन्नाले "आदर्श कोतवाल गाउँपालिकामा अवस्थित मन्दिरको मूल र सहायक पुजारी सम्झनु पर्छ।

(१३) "कर्मचारी" भन्नाले "आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापन समितिको कर्मचारी सम्झनुपर्छ।

(१४) "संरक्षक" भन्नाले "आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापन समितिको संरक्षक सम्झनुपर्छ।

जवाहर प्रसाद
गा.पा. अध्यक्ष

विजय कुमार
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-२
## समितिको उद्देश्य

३. "आदर्श कोतवाल गाउँपालिकाको स्वीकृत नीति अन्तरगत रहि समितिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(१) "आदर्श कोतवाल गाउँपालिका ऐतिहासिक, पर्यटकिय, संस्कृतिक तथा धार्मीक तिर्थ स्थल भएकोले सो को प्रर्वद्धन गर्ने ।

(२) आदर्श कोतवाल गाउँपालिका क्षेत्रको आदर्श, महिमा एवं महत्व अनुरुप आदर्श कोतवाल गाउँपालिका क्षेत्रको योजनावद्ध रुपमा सुरक्षा, संभार तथा विकास गर्ने ।

(३) आदर्श कोतवाल गाउँपालिका क्षेत्रको प्राचिन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राष्ट्रिय महत्वका वस्तुहरु तथा ताल, कुवा, पोखरी, धारा, चौतारा, फलैचा, मठ मंदिरहरु लगायत तथा प्राकृतिक सम्पदाको रेखदेख, संभार, संरक्षण र सम्वर्धन गर्ने ।

(४) आदर्श कोतवाल गाउँपालिका क्षेत्रको मठ मन्दिरहरूको चल अचल सम्पत्तिको संभार संरक्षण र सम्वर्धन गर्ने ।

(५) आदर्श कोतवालको गाउँपालिका क्षेत्रभित्र रहेका सबै मठ मन्दिरहरुमा परम्परागत रितिस्थिति बमोजिम चलिआएको पुजा आजा, सांस्कृतिक चाडपर्व, महोत्सव, उत्सव तथा सामाजिक र लोक कल्याणकारी कार्य संचालनको व्यवस्था मिलाउने ।

(६) स्वदेश तथा विदेशका तिर्थयात्रीहरु तथा पर्यटन समेतको सुविधाको लागि यस पवित्र तिर्थस्थललाई यथोचित रुपमा योजनाबद्ध रुपले सुधार गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकीय धार्मिक तीर्थ स्थलको रुपमा विकास गर्ने ।

(७) आदर्श कोतवालको गाउँपालिका क्षेत्र भित्र रहेका मठ मन्दिरहरुमा प्राप्त हुने दान, उपहार, भेटी, चन्दा लगायतका प्राप्तिहरुलाई सुव्यवस्थित गर्ने ।

(८) यस क्षेत्रको सर्वोपरी विकास गर्न शिक्षा क्षेत्रलाई बढी प्राथमिकता दिई विकास तथा गतिविधि गर्ने ।

(९) नैतिक, धार्मिक, सामाजिक शिक्षाको लागि सचेतनामुलक गतिविधि गर्ने ।

(१०) आदर्श कोतवालको गाउँपालिका क्षेत्र भित्रको वन, वुट्यान, रूख, विरूवाहरूको संरक्षण र सम्वर्धन गर्न वन ऐन बमोजिमको साधिकार निकायसँग समन्वय गरि धार्मिक वनको रूपमा स्थापना, विकास गरि सञ्चालन गर्ने ।

## परिच्छेद-३
## समिति

४. समित गठन, पदावधि, पदपुर्ति, योग्यता, राजीनामा

जवाहर प्रसाद
गा.पा. अध्यक्ष

विजय कुमार
प्रमुख प्रशासकीय अधिकृत

(१) आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ:

(क) गाउँपालिका अध्यक्षको प्रस्तावमा कार्यपालिकाले स्विकृत गर्ने व्यक्ति संयोजक

(ख) स्थानीयवासीबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको १ महिला सहित ३ जना सदस्य

(ग) व्यवसायीहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको १ महिला सहित २ जना सदस्य

(घ) आदर्श कोतवाल गाउँपालिका भित्र कार्यरत गैह्रसरकारी संस्थाका पदाधिकारी सदस्यहरुमध्ये बाट आदर्श कोतवाल गाउँपालिकाको अध्यक्षले मनोनित गरेको २ जना सदस्य

(ङ) आदर्श कोतवाल गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा सामाजिक विषय अध्यापन गर्ने शिक्षकहरु मध्येबाट आदर्श कोतवाल गाउँपालिकाको अध्यक्षले मनोनित गरेको १ जना सदस्य

(च) आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थललाई चन्दा दिने चन्दादाताहरु मध्येबाट आदर्श कोतवाल गाउँपालिकाको अध्यक्षले मनोनित गरेको २ जना सदस्य

(छ) आदर्श कोतवाल गाउँपालिकाका सबै वडाहरू बाट एक एक जनाको दरले सामाजिक क्षेत्रमा योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट अध्यक्षले मनोनित गरेको ३ महिला सहित ८ जना सदस्य

(ज) आदर्श कोतवाल गाउँ कार्यपालिकाको बैठकले मनोनित गरेको व्यक्ति कोषाध्यक्ष

(झ) आदर्श कोतवाल गाउँ कार्यापालिकाको बैठकले मनोनित गरेको व्यक्ति सचिव

(ञ) आदर्श कोतवाल गाउँपालिकाका अध्यक्ष संरक्षक

(२) दफा ४ (१) (घ) (ङ) (च) बमोजिम अध्यक्षले सदस्य मनोनयन गर्दा कम्तिमा ३३ प्रतिशत महिला पर्ने गरि मनोनयन गर्नुपर्नेछ ।

(३) दफा ४(१) (ज) बमोजिम आदर्श कोतवाल गाउँ कार्यपालिकाको बैठकले कोषाध्यक्षको मनोनयन गर्दा निजको योग्यता कम्तिमा बाह्र कक्षा उतिर्ण गरेको र लेखा शास्त्रको ज्ञान भएको हुनु पर्नेछ ।

(४) दफा ४ (१) (झ) बमोजिम आदर्श कोतवाल गाउँ कार्यपालिकाको बैठकले सदस्य सचिवको मनोनयन गर्दा निजको योग्यता कम्तिमा बाह्र कक्षा उतिर्ण गरेको र कार्यालय व्यवस्थापनको ज्ञान भएको हुनु पर्नेछ ।

५. पदावधि:

(१) मनोनीत पदाधिकारी र सदस्यहरुको पदावधी २ बर्षको हुनेछ, निजहरु पुनः मनोनित हुन सक्नेछन् ।

(२) मनोनित पदाधिकारी र सदस्यहरुको पदावधी नसकिदै कुनै पनि कारणले रिक्त हुन आएमा बाँकी अवधिको लागि अर्को पदाधिकारी/सदस्य मनोनित हुनेछ ।

जवाहर प्रसाद
गा.पा. अध्यक्ष

(३) प्रचलित कानून विपरित कार्य गर्ने/गराउने अथवा आफु भन्दा माथिल्लो निकायको निर्देशन अवज्ञा गर्ने; त्यसो नगर्न सचेत गराउँदा पनि गल्ति दोहोर्याउने कुनै पनि पदाधिकारी/सदस्यलाई संरक्षकले पद मुक्त गर्न सक्ने छ ।

६. योग्यता:

(१) दफा ४ (३) (४) को अतिरिक्त समितिमा पदाधिकारी तथा सदस्य मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनपर्नेछ:

(क) २२ बर्ष उमेर पुगेको र सामाजिक/धार्मिक क्षेत्रमा योगदान पुर्याई रहेको आदर्श कोतवाल गाउँपालिकाका निवासी नेपाली नागरिक ।

(ख) समितिको सञ्चालन तथा व्यवस्थापनमा योगदान पुर्याउन सक्ने ।

(ग) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति ।

(घ) मानसिक सन्तुलन नगुमाएको व्यक्ति ।

(ङ) बैंक तथा वित्तीय संस्थाको कालो सूचिमा नपरेको व्यक्ति ।

(च) गाउँपालिकामा बुझाउनु पर्ने कर दस्तुर/बांकी बक्यौता चुक्ता बुझाएको ।

७. राजिनामा: मनोनित पदाधिकारी वा सदस्यले कुनै कारणबाट आफ्नो पदबाट राजीनामा दिन चाहेमा संयोजकको सिफारिसमा संरक्षक समक्ष राजिनामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-४
## समितिको काम, कर्तव्य र अधिकार

८. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(१) यस ऐनको परिच्छेद-२ दफा ३ मा उल्लेखित समितिको उद्देश्य हासिल गर्नका लागि आदर्श कोतवाल गाउँपालिकाको धार्मिक क्षेत्रको विकास, संरक्षण र सम्वर्धन गर्नका लगि वार्षिक तथा आवधिक योजना तयार गर्न गाउँपालिका संग दोहोरो छलफल गरि राय सुझाव गाउँपालिका अध्यक्ष समक्ष पेश गरि गाउँसभाबाट स्वीकृत भए पश्चात कार्यन्वयन गर्ने ।

(२) प्रचलित नेपाल कानून र नेपाल सरकार, प्रदेश सरकार र आदर्श कोतवाल गाउँपालिकाबाट जारी भएको बातावरण तथा आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल क्षेत्रको विकास, संरक्षण सम्बन्धि मापदण्डहरुको आधारमा आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल क्षेत्रको संरक्षण लागि आवश्यक पर्ने नीति, निर्देशिका मापदण्ड तयार गरि अनुमोदनको लागि आदर्श कोतवाल गाउँ कार्यपालिका समक्ष पेश गर्ने, अनुमोदन भई आए पछि कार्यन्वयन गर्ने ।

(३) वातावरण संरक्षण सँग सम्बन्धित तालिम, प्रशिक्षण, कार्यशाला गोष्ठीको आयोजना गर्ने ।

(४) वातावरण संरक्षण सम्बन्धि प्रचारात्मक र प्रवर्धनात्मक कार्यक्रमहरु गर्ने ।

जवाहर प्रसाद
अध्यक्ष

(५) समय समयमा वडा कार्यालय र गाउँपालिका कार्यालय सँग समन्वय गरी वातावरण संरक्षण सँग सम्बन्धित कार्यक्रमहरु आयोजना गर्ने ।

(६) गाउँपालिका तथा अन्य संघसंस्थासँग समन्वय र सहकार्य गर्ने ।

(७) समितिको जिम्मामा रहेको भौतिक सम्पत्ति, उपकरण, पुस्तकालय/अभिलेखको संरक्षण तथा उचित उपयोग गर्ने ।

(८) समितिको कर्मचारीहरुको कार्य मुल्यांकन, अनुगमन, रेखदेख र नियन्त्रण गर्ने ।

(९) समितिको कर्मचारीहरुको मुल्यांकन सहित अर्ध वार्षिक रुपमा गाउँपालिकालाई प्रतिवेदन बुझाउने ।

(१०) समितिलाई आवश्यक पर्ने जनशक्ति (प्राविधिक तथा प्रशासनिक कर्मचारीहरु) गाउँपालिका समक्ष माग गर्ने ।

(११) समितिको कर्मचारीहरुको सेवा शर्त र सुविधा, पुजारी व्यवस्थापन, मठ मन्दीर व्यवस्थापन, आर्थिक गतिविधि लगायत अन्य आदर्श कोतवाल गाउँपालिकाबाट निर्माण गरिएको नियम, विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड कार्यान्वयन गर्ने वा गर्न लगाउने ।

(१२) समितिलाई आवश्यक औजार, उपकरण, फर्निचर तथा अन्य उपकरणहरु गाउँपालिका समक्ष माग गर्ने ।

(१३) लेखा तथा जिन्सि श्रेस्ता प्रचलित कानून बमोजिम स्वीकृत ढाँचा, अनुसूचीमा राख्न लगाउने ।

(१४) गाउँपालिकाले नियुक्ति गरेको लेखा परिक्षकबाट लेखा परिक्षण गराई प्रतिवेदन गाउँपालिका समक्ष पठाउने ।

(१५) आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण क्षेत्र भित्रका भौतिक निर्माणको अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

(१६) आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल लगायत आदर्श कोतवाल क्षेत्रभित्र रहेका मठ मन्दिरहरुमा प्राप्त हुने दान, उपहार, भेटी, चन्दा लगायतका प्राप्तिहरुलाई सुव्यवस्थित गर्न तथा मुल पुजारी र अन्य पुजारीहरुको व्यवस्थापन गाउँपालिकाबाट स्वीकृत विनियम अनुसार गर्ने/गराउने ।

(१७) आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल, मठ मन्दिर र आदर्श कोतवाल गाउँपालिका क्षेत्रभित्र रहेको यस सँग सम्बन्धित सबै प्रकारका घर, जग्गा, मठ, मन्दिर, देवालय, सत्तल, पाटी, पौवा, वनजंगल समेतको संरक्षण गर्ने व्यवस्था मिलाउने ।

(१८) समितिको उद्देश्य परिपुर्तिका लागि नेपाल भित्र वा वाहिर आवश्यकता अनुसार विभिन्न उप-समितिहरु, कार्यदलहरु गठन गर्ने ।

(१९) खानेपानी, ढल निकास, बिजुली, टेलिफोन, सडक आदि जस्ता आधारभुत सार्वजनिक उपयोगिताका साधनहरु सुव्यवस्थित गर्ने र फोहोरमैला हुन नपाउने गरी स्वच्छता कायम गर्न नियमित एंव प्रभावकारी कार्यविधि अपनाउने ।

जवाहर प्रसाद
अध्यक्ष

(२०) तीर्थालु, भक्तजन तथा सर्वसाधारणले आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल क्षेत्र भित्र अवलम्बन गर्नु पर्ने आचारसंहिता जारी गरि, गाउँ कार्यपालिकाबाट स्वीकृत गराई लागु गर्ने ।

(२१) आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण क्षेत्र भित्र निर्माण गरिने मठ मन्दिर पाटि, पौवाको मापदण्ड तयार गरि पारित गरी आदर्श कोतवाल गाउँपालिकाबाट स्विकृत गराई कार्यान्वयन गर्ने ।

(२२) समितिको उद्धेश्य हासिल गर्नका लागि आवश्यक पर्ने विनियम, निर्देशिका पारित गरि लागु गर्ने ।

(२३) आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण क्षेत्रसँग सम्बन्धित अन्य विविध कार्यहरु गर्ने गराउने ।

(२४) बिशेष धार्मिक कार्यक्रमबाट प्राप्त स्रोतहरुलाई गाउँपालिकाको समन्वयमा परिचालन गर्ने ।

९. समितिको काम, कर्तव्य र अधिकारः समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(१) संयोजकको काम कर्तव्य र अधिकार

(क) समितिको नेतृत्व गर्ने ।

(ख) समितिको बैठकको अध्यक्षता गर्ने र बैठकमा कुनै विषय सर्वसम्मतिबाट निर्णय हुन नसकी मत बराबर भएमा निर्णायक मत दिने ।

(ग) सचिवलाई बैठकमा बोलाउन आदेश दिने ।

(घ) बैठकमा योजना तथा प्रस्ताव पेश गर्ने ।

(ङ) बैठकको निर्णय प्रमाणित गर्ने, निर्णय कार्यान्वयन गर्ने गराउने ।

(च) गाउँपालिकाका सँग सम्पर्क र समन्वय गर्ने ।

(छ) समितिको कोषको खाता कोषाध्यक्षसँग संचालन गर्ने ।

(ज) आय व्ययको श्रेस्ता दुरुस्त राख्न लगाउने ।

(झ) पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारि तोक्ने ।

(ञ) आवश्यकता तथा औचित्यका आधारमा बैठकमा विज्ञ तथा अन्य व्यक्ति आमन्त्रण गर्ने ।

(ट) समितिले निर्णय गरेका अन्य कार्यहरु गर्ने गराउने ।

(२) सचिवको काम, कर्तव्य र अधिकार

(क) समितिको प्रशासकीय प्रमुखको हौसियतमा काम गर्ने ।

(ख) संयोजकको परामर्शमा समितिको बैठक बोलाउने ।

जवाहर प्रसाद
गा.पा. अध्यक्ष

विजय कुमार
प्रमुख प्रशासकीय अधिकृत

(ग) बैठकको निर्णय उतार गरी संयोजकलाई प्रमाणित गराई बैठक पुस्तिका सुरक्षित राख्न लगाउने ।

(घ) कर्मचारीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने ।

(ङ) समितिको तर्फबाट गर्नु पर्ने सम्पूर्ण प्रशासनिक कार्यहरु गर्ने गराउने ।

(च) समिति तथा संयोजकले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।

(३) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) समितिको सम्पुर्ण आर्थिक कारोबारको जिम्मेवारी लिई कार्य गर्ने गराउने ।

(ख) समितिको कोष संचालन गर्ने ।

(ग) समितिको नाममा रहेको बैंक खाता संयोजकसँग संयुक्त रुपमा संचालन गर्ने ।

(घ) कानुन बमोजिम आर्थिक कारोबारको श्रेस्ता राख्ने, राख्न लागउने ।

(ङ) गाउँपालिकाले तोकेको लेखापरिक्षकबाट कोषको आय व्ययको लेखापरिक्षण गराउने र प्राप्त भएको बेरुजु फछ्यौट गर्ने ।

(च) समितिको बैठकमा आर्थिक योजना पेश गर्ने र कार्यन्वयन गर्ने गराउने ।

(छ) समिति तथा संयोजकले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।

(४) सदस्यको काम, कर्तव्य र अधिकार

(क) संयोजक तथा समितिलाइ सहयोग गर्ने

(ख) समितिको बैठकमा सहभागि हुने ।

(ग) समिति बाट संयोजकले तोकेको अन्य कार्यहरु गर्ने ।

(घ) समितिबाट अधिकार प्रत्यायोजन भए बमोजिमका अन्य कार्यहरु सम्पादन गर्ने ।

(५) संरक्षकको काम कर्तव्य र अधिकार

(क) ऐनको दफा ३ मा वर्णित समितिको उद्देश्यहरू हासिल गर्न सक्ने वातावरण सृजना गर्नु पर्ने दायित्व / कर्तव्य संरक्षकको हुनेछ ।

(ख) ऐनको दफा ३ मा वर्णित समितिको उद्देश्यहरू हासिल गर्ने प्रयोजनका लागि ऐनमा तोकिए बाहेकको अवशिष्ट अधिकार समेत संरक्षकमा रहने छ ।

## परिच्छेद-५

## बैठक, गणपुरक संख्या, समितिको कोष संचालन प्रणाली

१०. समितिको बैठक देहाय बमोजिम संचालन हुनेछः

(१) समितिको बैठक कम्तिमा महिनामा एक पटक र आवश्यकता बमोजिम हुनेछ ।

जवाहर प्रसाद
गा.पा. अध्यक्ष
प्रमुख प्रशासकीय अधिकृत

(२) बैठकको गणपुरक संख्या पुग्न ५१ प्रतिशत सदस्यको उपस्थिति अनिवार्य हुनेछ ।

(३) गणपुरक संख्या नपुगी स्थगित भएको बैठक एक दिन पछि बस्नेछ र सो बैठकमा उपस्थित संख्या नै गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकमा संयोजकले प्रस्ताव गरेको बिषयमा मात्र छलफल र निर्णय हुनेछ ।

(५) बैठकमा कुनै सदस्यले प्रस्ताव पेश गर्नु पर्दा संयोजकले स्वीकृति दिएपछि मात्र पेश गर्न सकिनेछ ।

(६) बैठकमा निर्णय सकभर सर्वसम्मतिबाट गरिनेछ तर सर्वसम्मतिबाट निर्णय हुन नसके बहुमतबाट निर्णय गरिनेछ ।

(७) संयोजकले निर्धारण गरेको मिति समय र स्थानमा संयोजकको निर्देशनमा सचिवले समितिको बैठक बोलाउनेछ ।

(८) बैठकको अध्यक्षता संयोजकले गर्नेछ, संयोजकको अनुपस्थिति भएमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(९) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ, सदस्यहरुको मत पक्ष र विपक्षमा बराबर भएमा बैठकको अध्यक्षको मत निर्णायक हुनेछ ।

(१०) बैठकका सहभागीहरुलाई बजेटको परिधिभित्र रही तोकिए बमोजिमको बैठक भत्ताको व्यवस्था हुनेछ ।

(११) यस दफामा लेखिए बाहेक बैठकको कार्यविधिले तोकिए बमोजिम हुनेछ ।

११. समितिको आयव्यय संचालन गर्न देहाय बमोजिम कोष र संचालन प्रणालि हुनेछ:

(१) समितिका लागि प्राप्त हुने सम्पुर्ण रकम समितिको नाममा रहेको बैंक खातामा जम्मा गरेर मात्र खर्च गरिनेछ ।

(२) समितिको कोष देहाय बमोजिम रकम प्राप्त हुनेछ:

(क) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने शसर्त अनुदान रकम ।

(ख) गाउँपालिकाले सशर्त वार्षिक बजेटका रुपमा उपलब्ध गराउने रकम ।

(ग) दान, दातव्य अनुदान सहयोगबाट प्राप्त हुने रकम ।

(घ) समितिले गरेको उत्पादन गरेको उपजबाट प्राप्त रकम ।

(ङ) आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल मठ मन्दीर क्षेत्रभित्रको जग्गाहरुबाट उपज भएको रकम ।

(च) अन्य अनुदान तथा सहयोग रकम ।

(३) आदर्श कोतवाल गाउँपालिकाको धार्मिक क्षेत्र भित्रका मन्दिरहरुमा भक्तजनहरुले चढाएको भेटीपाती वापतको नगद तथा जिन्सी सामाग्रीहरुको तोकिएको प्रकृया बमोजिम अभिलेखिकरण गरि सतप्रतिशत गाउँपालिकामा दाखिला गर्नुपर्नेछ ।

जवाहर प्रसाद
गा.पा. अध्यक्ष

विजय कुमार चौरसिया
प्रमुख प्रशासकीय अधिकृत

(४) समितिको व्यवस्थापकिय खर्च, मसलन्द, आदि खर्च शसर्त बजेटको रुपमा समितिलाई निकासा गरिनेछ।

(५) भौतिक निर्माण कार्यको बजेट सार्वजनिक खरिद ऐन बमोजिम गरिनेछ।

(६) चन्दादाताले नै गुरुयोजना भित्रको योजना छनौट गरी नगद लगानी गर्न चाहेमा सो बजेट समितिकै खाताबाट संचालन गर्न सकिने छ वा दाता स्वयम आफैले निर्माण गरि संरचना हस्तान्तरण गर्न सक्ने छ। यसरी चन्दादाताले नै गुरुयोजना भित्रको योजना छनौट गरी नगद जम्मा गरी गर्ने योजना स्वीकृत कार्यक्रम कै रुपमा मानिनेछ।

(७) कोष संचालन प्रचलित लेखा प्रणालीबाट गर्नुपर्ने छ।

(८) आर्थिक वर्ष गाउँपालिकाको आर्थिक बर्ष अनुसार हुनेछ।

(९) समितिको कोष संचालनका लागि बैंकमा खाता खोली संयोजक वा कोषाध्यक्ष र लेखापाल मध्ये २ जनाको संयुक्त दस्ताखतबाट संचालन गरिनेछ।

(१०) आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र गाउँपालिकाले तोकेको लेखा परिक्षकबाट लेखापरीक्षण गराई गाउँपालिकामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(११) पुराण तथा अन्य ठुला धार्मिक कार्यक्रमबाट प्राप्त रकम निर्दिष्ट कार्यक्रममा समिति स्वयंले खर्च गर्न पाउनेछ। र उक्त कार्यक्रम गाउँपालिकाको स्विकृत कार्यक्रम सरह मानिनेछ।

## परिच्छेद-६
## कार्यालय, कर्मचारी व्यवस्था, पूजारी तथा पूजा व्यवस्था र छाप

१२. कार्यालय रहने स्थान र कार्यालय संचालन :

(१) आदर्श कोतवाल गाउँपालिका वडा नं ०१, आदर्श कोतवाल गाउँपालिकाको कार्यालयमा समितिको कार्यालय रहनेछ। नेपाल सरकारको सरकारी कार्यालय संचालन हुने समय सारणी बमोजिम समितिको कार्यालय संचालन हुने छ।

(२) समितिलाई आवश्यक पर्ने भवन, फर्निचर, स्टेशनरी समेतको व्यवस्था गाउँपालिकाले गर्नेछ।

(३) आदर्श कोतवाल गाउँपालिका क्षेत्र भित्र भएको मठ मन्दिर, गुम्बा, थान फलैचा चौतारा, सडकको जिर्णोद्वार, मर्मत तथा नयाँ मन्दिर, हासँपोखरी, पोखरी, साकेला, गुम्बा, थान, फलैचा चौतारा, सडकको निर्माण समेतको व्यवस्था गाउँपालिकाले गर्नेछ।

१३. कर्मचारी तथा पूजारी व्यवस्थापन :

(१) समितिलाइ आवश्यक कर्मचारीको व्यवस्था गाउँपालिकाले गर्नेछ र कर्मचारीको आर्थिक दायित्व गाउँपालिकाले उपलब्ध गराएको गाउँपालिका शसर्त बजेटबाट समिति आफैले

जवाहर प्रसाद
अध्यक्ष
विजय कुमार
प्रमुख प्रशासकीय अधिकृत

व्यवस्थापन गर्नुपर्नेछ । यसरी उपलब्ध गराएको बजेट अपुग भएमा समितिले निर्णय गरी गाउँपालिका समक्ष थप बजेट माग गर्न सकिनेछ ।

(२) कर्मचारीहरूको सेवा, शर्त, सुविधा, अनुशासन, आचरण, दण्ड सजाय, विदा, काज स्वीकृत, पुरस्कारको व्यबस्था प्रचलित संघीय कानुन तथा आदर्श कोतवाल गाउँपालिकाले बनाएको कानुन बमोजिम हुनेछ ।

(३) आदर्श कोतवाल गाउँपालिका क्षेत्रभित्रका मठ मन्दिर क्षेत्रभित्रका मन्दिर, गुम्बा, थान लगायतका धार्मिक आस्थाका केन्द्रहरूका, पूजारी, लामा, गरु, पंडित, लगायतको व्यवस्था समितिले गर्नेछ र पूजारी, लामा, गरू, पंडित, लगायतको आर्थिक दायित्व गाउँपालिकाले उपलब्ध गराएको गाउँपालिका शसर्त बजेटबाट समिति आफैले व्यवस्थापन गर्नुपर्नेछ । यसरी उपलब्ध गराएको बजेट अपुग भएमा समितिले निर्णय गरी गाउँपालिका समक्ष थप बजेट माग गर्न सकिनेछ ।

१४. निर्देशिका र आचर संहिता :-

(१) समितिको कर्मचारी र पुजारीको व्यवस्थापनका लागि गाउँपालिकाले कर्मचारी पुजारी व्यवस्थापन सम्बन्धि निर्देशिका र आचारसंहिता तयार गरी लागु गर्नेछ ।

(२) पूजा विधि व्यबस्थापनकालागि समितिले मूल पूजारी समेत सबै पूजारीहरु संलग्न गरि एक कार्यदल गठन गर्नेछ ।

(३) सो कार्दलले निर्धारण गरको पूजा विधि समितिको बैठकले स्वीकृत गरि लागु गर्नेछ ।

(४) सचिवको मातहतः समितिको कर्मचारी सचिवको मातहतमा रहनेछ ।

(५) छाप, लेटरप्याड र साइनबोर्डः समितिको छाप, लेटरप्याड र साइनबोर्ड हुनेछ ।

## परिच्छेद-७
## विविध

१५. ऐन संशोधनः-

(१) यस ऐन संशोधन गर्न आवश्यक भएमा ऐनको संशोधन प्रस्ताव समितिले तयार गरी संरक्षक समक्ष सुझाव पेश गर्नु पर्नेछ ।

(२) ऐनको संशोधन प्रस्ताव संरक्षकले आवश्यक प्रकृया पुरा गरि गाउँसभामा पेश गरी गाउँसभाले पारित गरे पछि मात्र संशोधन भइ कार्यान्वयन हुनेछ ।

(३) यस ऐनमा उल्लेखित विषयमा अस्पष्टता भए वा विवाद भई निरुपण हुन नसके सो विषयमा गाउँ कार्यापालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

(४) आवश्यकता अनुसार गाउँपालिकाले आवश्यक प्रक्रिया पुरा गरि संशोधन गर्न सक्नेछ ।

जवाहर प्रसाद
गा.पा. अध्यक्ष

१६. बाधा अड्काउ फुकाउने वा व्याख्या गर्ने अधिकार:

(१) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै अन्यौल भएमा बाधा अड्काउ फुकुवा वा व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकाको बैठकलाई हुनेछ ।

१७. खारेजी र बचाउ:

(१) आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल (व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८२ खारेज गरिएको छ । सो कार्यविधि बमोजिम यस अघि भए गरेका कामहरु यसै ऐन बमोजिम गरिएको मानिनेछ ।

गाउँ सभाबाट स्वीकृत मिति : २०८२।१२।२१

प्रमाणीकरण मिति : २०८२।१२।२२

आज्ञाले,

विजय कुमार चौरसिया

प्रमुख प्रशासकीय अधिकृत

जवाहर प्रसाद

गा.पा. अध्यक्ष